फिक्कल गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
खाङसाङ, सिन्धुली
बागमती प्रदेश,नेपाल

## आन्तरिक आय संकलन तथा निकासी कर (फलफूल, तरकारी, कवाडी, जडिबुटी, जिवजन्तु) सम्बन्धी कार्यको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०४।१३

फिक्कल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले आन्तरीक कर संकलनको लागि आ.व. २०७९।८० को लागि ठेक्का लगाउनुपर्ने भएकोले फलफूल, तरकारी, कवाडी, जडिबुटी तथा जिवजन्तु यस गाउँपालिका क्षेत्र बाहिर निकासी गर्न कर उठाउनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रथमपटक यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरभाउपत्र पेस गर्नुहुन सार्वजनिक सूचना आह्वान गरिन्छ ।

### तपसिल

१. दरभाउपत्र फाराम यस गाउँपालिकाबाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रोपाइटर वा निजको आधिकारिक प्रतिनिधिबाट रु. १०००।- (रु. एक हजार मात्र) दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्मले नियमानुसार कागजात र दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ फर्म दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र / करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले १६औँ दिन, दिनको १२:०० बजे भित्र यस गाउँपालिकामा दर्ता गर्नु पर्नेछ । दाखिला हुन आएका दरभाउपत्रहरु १६औँ दिन दिनको २:०० बजे यस गाउँपालिकामा उपस्थित दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

५. दरभाउपत्रको खाम बाहिर दरभाउपत्र नम्बर, दरभाउपत्र दाखिला गर्ने कार्यालयको नाम, कामको विवरणका साथै दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।

६. जमानत वापत कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस गाउँपालिकाको **प्राईम कमर्शियल बैङ्क, फिक्कल शाखा**मा रहेको धरौटी **खाता नं. ०७८००२८८CA** मा जम्मा भएको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैङ्कहरुबाट यस गाउँपालिकाको नाममा जारी भएको जमानतपत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।

७. दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

८. एउटा फर्म/ कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म/ कम्पनीको नाममा दाखिला गर्न पाईने छैन ।

९. दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको दरभाउपत्र पेश गर्नु पर्नेछ ।

१०. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

११. कुनै किसिमको सर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. सूचना सर्त विपरित भएको, गाउँपालिकाबाट उपलब्ध गराईएको दरभाउपत्र फाराममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको हुनेछ ।

१३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१४. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

१५. यस ठेक्काको अवधि २०८० असार मसान्तसम्म हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम बोल कबोल अंक | जमानत रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२/२०७९/८० | आन्तरीक आय संकलन तथा निकासी कर (फलफूल, तरकारी, कवाडी, जडिबुटी, जिवजन्तु) सम्बन्धी कार्य | रु. १,००,०००।- (रुपैयाँ एक लाख मात्र) (मू.अ.कर बाहेक) | कबोल अङ्कको ५% ले हुन आउने रकम | रु. १,०००।- |

फिक्कल गाउँ कार्यपालिकाको कार्यालय खाङसाङ, सिन्धुली बागमती, प्रदेश नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत
शिवहरी दाहाल
प्रमुख प्रशासकीय अधिकृत